# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०७९ साउन-असोज)



प्रदेश सरकार

वन, वातावरण तथा भू संरक्षण मन्त्रालय

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

गण्डकी प्रदेश, पोखरा

प्रदेश सरकार

**वन, वातावरण तथा भू संरक्षण मन्त्रालय**

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

गण्डकी प्रदेश, पोखरा

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः वन, अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश पोखरा

सूचना सार्वजनिक गरेको अवधिः २०७९।०४।०१ देखि २०७९।०६।३१ सम्म


### १. निकायको स्वरुप र प्रकृति

प्रदेश सरकारको स्थापनासँगै यस प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना २०७४/१०/२४ मा भएको हो । यस मन्त्रालय (हालः वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय) मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा नेपालका सात प्रदेशमा रहेका सातवटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मध्ये एक हो । वि.सं. २०५० मंसिर १ गते पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्रको रूपमा स्थापना भई तालिम कार्यक्रम सञ्चालन हुँदै आएको थियो र तत्कालिन समयमा वि.सं. २०४६ सालदेखि डेनमार्क सरकारको सहयोगमा डानिडा सामुदायिक वन विकास परियोजना र वि.सं. २०५५ देखि २०६१ सालसम्म प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रगत सहयोग कार्यक्रम (NARMSAP) को प्राविधिक तथा आर्थिक सहयोग वन मन्त्रालय अन्तर्गतका क्षेत्रीय वन निर्देनालय तथा जिल्ला वन कार्यालयहरूलाई प्राप्त थियो । वि.सं. २०५० मंसिरमा क्षेत्रीय वन तालिम केन्द्रको स्थापना भएपश्चात उक्त परियोजनाहरूको प्राविधिक तथा आर्थिक सहयोग तालिम केन्द्रलाई पनि प्राप्त थियो । तत्पश्चात नेपाल सरकारको बजेटबाट सम्पूर्ण तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तथापि विगत केहि बर्षहरूमा हरियो वन कार्यक्रम तथा वहुसरोकारवाला वन कार्यक्रमले विभिन्न तालिमहरूमा सहयोग गर्दै आएका थियो । हाल आएर देशमा भएको राजनैतिक परिवर्तन सँगसँगै भएको नयाँ व्यवस्था अनुसार देश संघियतामा गएको परिप्रेक्षमा संघियताको कार्यान्वयन संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था भएसँगै यस कार्यालय प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रूपमा वि.सं २०७५ मा स्थापना भई वन वातावरण सम्बन्धि अध्ययन, अनुसन्धान तथा तालिम संचालन गर्दै आइरहेको छ ।

गण्डकी प्रदेशमा रहेका प्राकृतिक स्रोत तथा जैविक विविधताको दीगो प्रयोग एवं यसबाट प्रादेशिक तथा स्थानीय स्तरमा पर्ने प्रभाव र संघीयताको कार्यान्वयन सँगसँगै राष्ट्रले खोजेको **समृद्ध नेपाल सुखी नेपालीको** उद्देश्य प्राप्त गर्नमा खेल्न सक्ने भूमिकाहरूको वारेमा समेत अध्ययन अनुसन्धान र प्राप्त नतिजाहरूलाई तालिम तथा प्रचारप्रसार सामाग्रीको माध्यमबाट

सरोकारवालासम्म पुऱ्याउने काम पनि यस केन्द्रले गर्दै जानेछ । यस केन्द्रले अधिकृतस्तर देखि श्रेणी विहिन(प्रा.) सम्मका कर्मचारीहरूलाई तालिम दिंदै आएको छ ।

## संगठनात्मक तालिका



**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा दरबन्दि अनुसार पदपूर्ति तथा रित्त कर्मचारी विवरण**

| सि.नं | पद | दरवन्दी संख्या | पूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निर्देशक (रा.प.द्धि.प्रा., फ.रि.) | १ | १ | |
| २ | सहायक तालिम अधिकृत (रा.प.तृ.प्रा., ज.फ.) | १ | १ | |
| ३ | सहायक अनुसन्धान अधिकृत (रा.प.तृ.प्रा., फ.रि.) | १ | १ | |
| ४ | रेञ्जर (रा.प.अनं.प्र.प्रा., ज.फ.) | १ | १ | |
| ५ | रेञ्जर (रा.प.अनं.प्र.प्रा. फ.रि.) | १ | १ | |
| ६ | लेखापाल (रा.प.अनं.प्र.) | १ | १ | |
| ७ | नायव सुब्बा (रा.प.अनं.प्र.) | १ | १ | संघिय काजमा |
| ८ | फ. गा. (श्रेणी विहीन ) | १ | – | रित्त |
| ९ | हलुका सवारी चालक (श्रेणी विहीन ) | १ | १ | करारमा |
| १० | कार्यालय सहयोगी (श्रेणी विहीन ) | १ | १ | करारमा |
| | **जम्मा** | **१०** | **८** | |

## २. निकायको काम, कर्तव्य र अधिकार

- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने ।
- अध्ययन अनुसन्धान मार्फत वन क्षेत्र सम्बन्धि नीति निर्माणमा सहयोग पुऱ्याउने ।
- वन क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरूको प्रचारप्रसार मार्फत सरोकारवाला समक्ष पुऱ्याउने ।
- स्थानीय उपभोक्ता समूह र कार्यान्वयन तहका सरोकारवालाहरूलाई प्राविधिक, सामाजिक र व्यवस्थापकीय क्षेत्रमा सहयोग पुऱ्याउन वन प्राविधिक र प्रशासनिक कर्मचारीहरूलाई तालिम प्रदान गरी सक्षम वनाउने ।
- तालिम आवश्यकता पहिचान गरी समयमै प्रभावकारी तालिम संचालन तथा अनुगमन र मूल्याङ्कन गर्ने ।

## ३. यस मन्त्रालयमा हाल कार्यरत कर्मचारीहरु

| सि. नं. | कर्मचारीको नाम | पद | तह | संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री राजेश मल्ल | निर्देशक | दशौं | १८६७८४ | |
| २ | श्री राजेश पौडेल | स.ता.अ. | सातौं | २०१५२३ | |
| ३ | श्री मन्जु के.सी.. | स.अ.अ. | सातौं | २३३१७० | |
| ४ | श्री अंशु ढकाल | अधिकृत (वन) | छैठौं | २०३०५६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री गीता कुमारी शर्मा | लेखापाल | पाँचौं | १९५७०९ | |
| ६ | श्री चुङला शेर्पा | रेन्जर | पाँचौं | २३१९२४ | |
| ७ | श्री राज कुमार बनजारा | का.स. | | | करारमा |
| ८ | श्री उत्तम कुँवर | ह.स.चा | | | करारमा |

## ४. निकायबाट प्रदान गरिने सेवा

### कार्य क्षेत्रको विवरण

गण्डकी प्रदेशका ११ वटा जिल्ला यस केन्द्रको कार्यक्षत्र हो । वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, वन निर्देशनालय, पोखरा, डिभिजन वन कार्यालय मुस्ताङ, मनाङ, म्याग्दी, गोरखा, लमजुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत र बाग्लुङ र नवलपरासी (बर्दघाट सुस्तापूर्व), भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरू पर्वत र तनहुँ, ताल संरक्षण तथा विकास प्राधिकरण, पञ्चासे संरक्षित वन कार्यक्रम, ढोरपाटन शिकार आरक्षको कार्यालय, पञ्चासे संरक्षित वन कार्यक्रम, बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, भानु प्राणी उद्यान, अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना तथा मनास्लु संरक्षण क्षेत्र आयोजना लगायतका कर्मचारीहरूलाई आवश्यक पर्ने तालिमहरू संचालन गरी क्षमता तथा नेतृत्व विकासमा सहयोग पुऱ्याउनु यस केन्द्रको मुख्य कार्य हो ।

### वन क्षेत्रका सरकारी एवं सरोकारवाला निकाय तथा कार्यक्रमहरू

वन क्षेत्रसंग सम्वन्धित कार्य गर्दै आईरहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरू विच कार्यगत एकता तथा समन्वयको खाँचो रहन्छ । साथै ति क्षेत्रहरूमा कार्य गर्दाका आ-आफ्नो क्षेत्रवाट भए गरेका कार्य र सोको अनुभवको आदान-प्रदानबाट समग्र कार्यक्रमको प्रभावकारितामा सकारात्मक परिणाम हाँसिल गर्न मद्दत पुग्दछ । विगतका अनुभव र भए गरेका कार्यहरूको वारेमा फिल्ड स्तरसम्म सूचना र प्रविधिको संचार गर्ने कार्यमा यस केन्द्रले अहम् भूमिका खेल्दछ । गण्डकी प्रदेशमा वन, वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग सहकार्य, समन्वय र सहयोगको यस केन्द्रले सधैं अपेक्षा राख्दछ ।

### अध्ययन/अनुसन्धान तथा तालिम संचालन विधि

अध्ययन अनुसन्धानको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनीक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रकृयाहरू अवलम्बन गरी यस केन्द्रका मौजुदा जनशक्ति वा परामर्श सेवाबाट अध्ययन अनुसन्धान गराइन्छ । यसरी अध्ययन भई आएका प्रतिवेदनहरूलाइ सम्बन्धित सरोकारवालाहरूको माझमा अन्तरक्रिया छलफल गराई सो बाट प्राप्त सुझावहरू समेत समेट्न लगाई अन्तिम रिर्पोट तयार पार्न लगाइन्छ । यसरी प्राप्त अध्ययन प्रतिवेदनहरू यस

केन्द्रको महत्वपूर्ण दस्तावेजको रूपमा रहेका छन् । यसले वन र वातावरणको क्षेत्रमा भविष्यमा के कस्ता योजना तथा थप अध्ययन अनुसन्धान गर्नुपर्दछ भन्ने सम्बन्धमा मार्गदर्शन गर्दछन ।

यस केन्द्रले तालिम कार्यक्रम निश्चित प्रक्रिया अवलम्बन गरी संचालन गर्दछ । कर्मचारीहरूलाई आफ्नो कार्य विवरण अनुसार काम गर्दा अप्ठेरो परेका क्षेत्र के के हुन् निर्धारण गरी कुन किसिमको तालिम कुन स्तरको कर्मचारीलाई आवश्यक छ भनी तालिम आवश्यकता पहिचान गरिन्छ । तालिम आवश्यकता पहिचान भएपछि सो अनुरूप तालिम पाठ्यक्रम र सत्र योजना वनाई कार्यान्वयन गरिन्छ । सम्पन्न तालिमको प्रभावकारिता अनुगमन गर्ने र प्राप्त अनुभवलाई पुनः तालिम कार्यक्रममा समावेश गर्ने कार्य गरिन्छ । यसको साथै तालिम कार्यक्रमसँग सम्वन्धित तथ्याङ्कहरू र रेकर्ड अद्यावधिक राखिने गरिएको छ । जसवाट विगत वर्षहरूमा कुन कर्मचारीले कुन तालिम प्राप्त गरे, के के विषयमा तालिम संचालन गरिएको थियो, पाठ्यक्रम डिजाईन कसरी भएको थियो भन्ने जानकारीहरूबाट पछिका दिनमा संचालन गरिने कार्यक्रमहरूलाई अझ प्रभावकारी वनाउन सकिन्छ । तालिममा सेसन सहजिकरणका लागि मौजुदा जनशक्तिका अलावा बिषय विज्ञ र फिल्डमा काम गरी अनुभव प्राप्त गरेका श्रोत व्यक्तिहरूलाइ आमन्त्रण गरिन्छ । केन्द्रबाट संचालन गरिने तालिम कार्य संचालन विधिलाई निम्न चित्रबाट समेत बुझ्न सकिन्छ ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | कर्मचारीको पद | कर्मचारीको नाम/थर | शाखा/महाशाखा |
|---|---|---|---|
| १ | निर्देशक | श्री राजेश मल्ल | |
| २ | स.ता.अ. | श्री राजेश पौडेल | तालिम तथा योजना शाखा |
| ३ | स.अ.अ. | श्री मन्जु के.सी.. | वन अनुसन्धान तथा सर्वेक्षण शाखा |
| ४ | अधिकृत (वन) | श्री अंशु ढकाल | तालिम तथा योजना शाखा |
| ५ | लेखापाल | श्री गीता कुमारी शर्मा | प्रशासन शाखा |
| ६ | रेन्जर | श्री चुङला शेर्पा | वन अनुसन्धान तथा सर्वेक्षण शाखा |
| ७ | का.स. | श्री राज कुमार बनजारा | प्रशासन शाखा |
| ८ | ह.स.चा | श्री उत्तम कुँवर | प्रशासन शाखा |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सूचनाको हक सम्बन्धी सूचना माग गर्दा प्रचलित ऐन नियममा व्यवस्था भए वमोजिम शुल्क लाग्ने र मन्त्रालयबाट प्रवाह गरिने अन्य सेवा निशुल्क हुने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

**प्रक्रियाः** आवश्यकता अनुसार स्टाफ बैठक, सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी विधिको प्रकृया अपनाइने ।

**अधिकारः** निर्देशक

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**नाम :** राजेश मल्ल

**पद :** निर्देशक

**श्रेणी :** अधिकृतस्तर दशौ तह

## ९. हालसम्म सम्पादन गरेको काम र प्रगति विवरण

- बार्षिक प्रगति पुस्तिका प्रकाशन ।
- कार्यलय प्रमुखहरुलाई पुनर्ताजकी तथा सुशासन प्रबर्द्धन तालिम सम्पन्न।
- वन वातावरण सम्बन्धी अध्ययन अनुसन्धानमा डोर्नको प्रयोग तालिम सम्पन्न ।
- दुर संवेदन तथा भौगोलिक सूचना प्रणाली तालिम सम्पन्न ।
-

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नाम : राजेश पौडेल<br>पद : सहायक तालिम अधिकृत<br>तह : अधिकृत (सातौं)<br>सम्पर्क नं. ९८५७६५०४५<br>Email: frickrajesh@gmail.com | नामः राजेश मल्ल<br>पद : निर्देशक<br>श्रेणी : अधिकृतस्तर दशौ तह<br>सम्पर्क नं. ९८५११६२८४९<br>Email: raj_malla@yahoo.com |

## ११. मुख्य मुख्य ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- प्रदेश सरकार, प्रदेश नं ४ (कार्य विभाजन) नियमावली, २०७४
- राष्ट्रिय जडिवुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१
- राष्ट्रिय सिमसार नीति, २०६९
- राष्ट्रिय खनिज नीति, २०७४
- राष्ट्रिय वन नीति, २०७५
- गण्डकी प्रदेश वन तथा जलाधार व्यवस्थापन नीति, २०७५
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय कृषिवन नीति, २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- वन डढेलो व्यवस्थापन रणनीति, २०६७
- वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८
- वन क्षेत्रको रणनीति (२०१६-२५)
- राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना नेपाल (२०१८-२४)
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७३
- वन ऐन, २०७६
- संघीय वातावरण संरक्षण ऐन, २०७६
- प्रदेश वातावरण संरक्षण ऐन, २०७६
- प्रदेश सुशासन ऐन २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- वन नियमावली, २०५१
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६
- वातावरण संरक्षण नियमावली, २०७७
- वन पैदावार (काठ, दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०५७
- वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३
- जिल्ला वनक्षेत्र समन्वय समितिको गठन तथा सञ्चालन निर्देशिका, २०६८
- साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८

- वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका, २०६९
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७१
- वन पैदावार संकलन तथा बिक्री बितरण निर्देशिका २०७३
- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संशोधन) निर्देशिका, २०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधि, २०७४
- सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि, २०७५
- राष्ट्रिय वृक्षारोपण कार्यक्रम संचालन कार्यविधि, २०७६
- संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालन सम्वन्धि कार्यनीति, २०६५
- सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५
- गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन, २०६९
- प्रदेश खर्च मापदण्ड, २०७५
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७८।७९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**जम्मा विनियोजित रकम : रु. १,७१,७१,०००। (पुजिगत रकमः रु. ११,००,०००। र चालुगत रकम रु. १,६०,७१,०००। )**

**यस अवधिमा खर्च भएको रकम रु. ४०,५०,००० । (पुजिगत रकमः रु. ३,९५,०००। र चालुगत रकम रु. ३७,५५,०००। )**

**१३. तोकिए बमोजिमका अन्य विवरण**

–

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

नभएको

**१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

www.frtc.gandaki.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

नभएको

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

माथि ८ नं मा उल्लेख भएको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना सम्प्रेषण गर्न तोकिएको समयावधि**

नभएको

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

- मौखिक रुपमा माग भएका सूचना उपलब्ध गराइएको ।
- केन्द्रको सबै विवरण वेवसाइटमा अपलोड गरिएको हुँदा लिखित रुपमा कुनै सूचना माग भई नआएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

Website**:** www.frtc.gandaki.gov.np

Email: frtc.gandaki@gmail.com

Facebook Page: FRTC Gandaki Province